# आमोसको पुस्तक

## परिचय

१ आमोसको वचन! आमोस तको देशको एकजना
भेड़ा गोठालो थिए। यहूदाका राजा उज्जियाह र
योआशका छोरा इस्राएलका राजा यारोबामको पालामा
भुइँचालोको दुइ वर्ष अघि इस्राएलको विषयमा आमोसले
दर्शन पाएका थिए।

## अरामको निम्ति सजाय

२आमोसले भने; "परमप्रभु सियोनमा सिंह जस्तै
गर्जनु हुनेछ। परमप्रभुको ठूलो गर्जन यरूशलेमबाट
हुनेछ। यस समय गोठालाहरूको हरियो मैदान सुक्ने
छ। यहाँ सम्म कि कर्मेलको टाकुरा समेत
ओइलिनेछ।

३तिनीहरूले धेरै अपराधहरू गरेको कारण, "म
निश्चय नै दमीशकलाई दण्ड दिनेछु। किन? किनभने
तिनीहरूले गिलादका मानिसहरूलाई फलामको दाँदेले
धुलो पारेको छ। ४यसकारण म हजाएलको घरमा
आगो लगाई दिनेछु अनि त्यो आगोले बेनहददका
पर्खालहरू भस्म पार्नेछ।

५"म दमीशकका बलिया ढोकाहरू पनि भाँचिदिनेछु।
र आवेनको बेसीको सिंहासनमा बस्ने मानिसलाई पनि
नष्ट पारिदिनेछु। अनि बेथ-एदेनमा राजदण्ड लिने राजालाई
पनि नष्ट पारिदिन्छु। अरामका मानिसहरू पराजित
हुनेछन्। अनि उनीहरूलाई बन्दी बनाएर किर देशमा
लगिने छ।" यो सबै परमप्रभुले भन्नु भएको हो।

## पलिश्तिीहरूले सजाय पाउने

६परमप्रभु भन्नुहुन्छ, "म गाजाका बासिन्दाहरूलाई
उनीहरूले गरेको अपराधको विरूद्ध निश्चय नै सजाय
दिनेछु। किन? किनभने उनीहरूले सम्पूर्ण देशको
बासिन्दाहरूलाई कैद गरेर दासहरूलाई बनाएर एदोमको
हातमा सुम्पिदिए। ७यसकारण म गाजा देशको
पर्खालहरूमा आगो लगाइदिनेछु। यो आगोले गाजाका
सबै किल्लाहरू जलाइदिनेछ। ८म अश्दोदबाट
राजसिंहासनमा बस्ने मानिसलाई नष्ट गरिदिनेछु। म
अश्कलोनबाट राजदण्ड लिने राजालाई पनि ध्वंश
पारिदिनेछु, म एक्रोनका मानिसहरूलाई सजाय दिनेछु।
अहिले सम्म बाँचेको पलिश्तीहरू मर्नेछन्।" परमप्रभु
परमेश्वरले यो सबै कुराहरू भन्नुहुन्छ।

## फनूशियालाई सजाय

९परमप्रभुले सबै कुरा भन्नुहुन्छ, "म यो सोरका
मानिसहरूलाई तिनीहरूले गरेको अपराधका निम्ति
निश्चयनै सजाय दिनेछु। किन? किनभने तिनीहरूले
देशका सम्पूर्ण मानिसहरूलाई कैद गरी एदोमको दास
बनाएर पठाइ दिए। तिनीहरूले तिनीहरूका दाज्यू-भाइहरू
संग गरेको सम्झौताको सम्झना पनि गरेनन्। १०त्यस
आगोले सोरको किल्लाहरू पनि ध्वंश पार्नेछ।"

## एदोमहरूको निम्ति सजाय

११परमप्रभु भन्नुहुन्छ: "म एदोमका मानिसहरूलाई
तिनीहरूले गरेको अपराधहरूका निम्ति निश्चय दण्ड
दिनेछु। किन? किनकि एदोमले आफ्नो दाज्यु-भाइ
इस्राएललाई पछाड़ीबाट तरवारले रोपेकोछ। एदोमले
अलिकति पनि दया देखाएन। एदोम रिसाइ नै रह्यो
अनि केही सहानुभुति पनि देखाएनन्। उ जगंली जनावर
सरह लगातार इस्राएललाई च्यातिरह्यो। १२यसकारण,
म तेमानमा आगो लगाई दिनेछु। त्यो आगोले बोज्राको
किल्लाहरू पनि ध्वंश पारिदिनेछ।"

## अम्मोनियाको निम्ति सजाय

१३परमप्रभु भन्नु हुन्छ, "म अम्मोनका मानिसहरूलाई
तिनीहरूले गरेको अपराधका निम्ति निश्चय नै दण्ड
दिनेछु। किन? किनभने तिनीहरूले गिलादमा आफ्नो
लागि अधिक जमीन प्राप्त गर्न गर्भवती महिलाहरूलाई
मारे। १४यसकारण, अब म रब्बाको पर्खालमा आगो
लगाई दिनेछु। यो आगोले रब्बाको अग्लो पर्खाल नष्ट
पार्नेछ। कष्ट तिनीहरूमाथि आधी बेरी जस्तै तिनीहरूको
देशमा आईलाग्नेछ। १५त्यस समय तिनीहरूको राजा
कैदमा पर्नेछ, राजा र भारादारहरूलाई एकै साथमा
बन्दी बनाइनेछ।" परमप्रभुले यी सबै कुरा भन्नुभयो।

## मोआबको निम्ति सजाय

२ परमप्रभुले यी कुराहरू भन्नुहुन्छ "म मोआबको
मानिसहरूलाई तिनीहरूले गरेको अपराधका निम्ति
निश्चय नै दण्ड दिनेछु। किन? किनभने मोआबले
एदोमको राजाको हड्डीहरू जलाएर चुना बनायो। २यसकारण
अब म मोआबमा आगो लगाइ दिनेछु, अनि त्यो
आगोले करियोतका पर्खालहरू भस्म पार्नेछु र त्यहाँ
खैलाबैला, चिच्चाइ, र तुरहीको आवाज आउँनेछ अनि

मोआब मर्नेछ। ३यसकारण म मोआबका राजालाई
उनको सबै अगुवाहरूसितै मार्नेछु।" परमप्रभु यसो भन्नु
हुन्छ।

### यहूदाको निम्ति सजाय

४परमप्रभु भन्नुहुन्छ, "म यहूदालाई उनीहरूले गरेको
विभिन्न अपराधहरूका निम्ति निश्चय नै दण्ड दिनेछु।
किन? किनभने तिनीहरूले परमप्रभुको आज्ञाहरू मान्न
अस्वीकार गरे। तिनीहरू आफ्ना बाबुहरूले मानेका
झूटो देवाताहरूलाई मानेर पथभ्रष्ट भएका छन्।
५यसैकारण म यहूदामा आगो लगाइदिनेछु अनि त्यो
आगोले यरूशलेमको किल्लाहरूलाई खरानीमा परिणत
गर्नेछ।"

### इस्राएलको निम्ति सजाय

६परमप्रभु भन्नुहुन्छ, "म इस्राएललाई तिनीहरूले
गरेका विभिन्न अपराधहरूका निम्ति दण्ड दिनेछु।
किन? किनकि तिनीहरूले धर्मी र गरीब मानिसहरूलाई
एक जोड़ी जुत्ताको मूल्यमा बेचे।

७"तिनीहरूले ती गरीब मानिसहरूलाई कुल्चिए अनि
पीड़ित मानिसहरूको कुरा सुनेन। ८तिनीहरूले गरीब
मानिसहरूबाट उनीहरूको लुगा बन्धक लिए अनि ती
लुगाहरू तिनीहरूले मूर्ति आराधना गर्दा लगाए। तिनीहरूले
मानिसहरूलाई जरिमाना तिर्न बाध्य गराए र त्यस
पैसाबाट तिनीहरूले दाखरस किने र तिनीहरूका देव-
मन्दिरमा पिए।

९"तर मैले एमोरीहरूलाई तिनीहरूको अघाड़ी ध्वंश
गरिदिएँ। मैले त्यसको फलहरू माथिदेखि र त्यसका
जरा तलै सम्म ध्वंश गरिदिएँ।

१०"मैले तिमीहरूलाई मिश्रदेखि बाहिर निकालेर
ल्याएँ र मरुभूमिका उजाड़ स्थानहरूमा चालीस वर्ष
सम्म डोर्‍याएँ। मैले तिमीहरूलाई एमोरीको भूमि दिएँ।
११मैले तिमीहरूका कतिपय नानीहरूलाई अगमवक्ताहरू
बनाए। अनि मैले कतिपय युवकहरूलाई नाजिरी बनाएँ।
हे इस्राएलीहरू हो! के यो कुरा सत्य होइन?" परमप्रभु
भन्नुहुन्छ।

१२"तर तिमीहरूले नाजिरीहरूलाई दाखरस खुवायौ।
तिमीहरूले अगमवक्ताहरूलाई अगमवाणी गर्न रोक
लगायौ। १३हेर, म तिमीहरूलाई अन्न ठेलागाड़ी
लादिएको जस्तै दबाउनेछु। १४कुनै पनि मानिस बाँच्ने
छैन्, यहाँ सम्म कि बेगसित दगुर्नेलाई पनि छाड़िने
छैन्।

१५धनु-काँड़ चलाउँने पनि युद्धमा बाँच्न योग्य हुने
छैन। वेगसित दुगर्ने पनि उम्कनसक्ने छैन। घोड़सवारले
पनि आफ्नो प्राण बचाउँन योग्यहुन सक्तैन्। १६परमप्रभुले
न्याय गर्ने दिनमा सब भन्दा साहसी पनि युद्धबाट नाङ्गै
भाग्नेछ।"

### इस्राएललाई चेतावनी

३ हे इस्राएलीहरू हो! यो समाचार जो परमप्रभुले
मिश्रबाट उहाँले ल्याउनु भएका तिम्रा परिवारहरू र
तिमीहरूको विरुद्ध भन्नु भएको छ। २"विभिन्न धेरै
परिवारका मानिसहरूले पृथ्वी भरिनेछ। तर ती मध्ये
केवल तिनीहरूलाई मैले चिनेकोछु र विशेष ध्यान
दिएको तर तिमीहरू मेरो विरुद्धमा खड़ा भयौ। यसकारण,
म तिमीहरूका सबै पापहरूका निम्ति तिमीहरूलाई दण्ड
दिनेछु।"

### इस्राएलले सजाय पाउने कारणहरू

३दुइ जनाको आपसमा सहमत् नभए सम्म सँग-सँगै
हिड़न् सक्तैनन्।

४के बुढ़ो सिंह जंगलमा आफ्नो शिकार पाउनु अघि
गर्जन्छ? के जवान सिंह शिकार नसमातिकन गुफाभित्र
गर्जन्छ? ५जब सम्म तिमीले जालमा चोरा हाल्दैनौ चरा
पक्रिनु सक्तैनौ। अनि जब जाला माथि उठछ यसले
चराहरू पक्रनेछ। ६के युद्धको तुरहीको ध्वनि सुनेर
मानिसहरू डराउँनेदैनन्? अनि यदि शहरमा कष्टहरू
आउँछ भने त्यो परमप्रभुद्वारा पठाइएको हो। ७मेरा
स्वामी परमप्रभुले सबै कुराहरू गर्न सक्नुहुन्छ। तर
केही गर्नु अघाड़ी उहाँले आफ्नो सेवक अगमवक्तालाई
योजना देखाउनु हुन्छ। ८यदि कुनै सिंह गर्जयो भने
मानिस अवश्य नै डराउँछ भने यदि परमप्रभु बोल्नु
हुन्छ भने, उहाँको सूचना घोषणा गर्न कसले उहाँलाई
रोक्न सक्छ?

९अश्दोद र मिश्रका किल्लाहरूमा जाऊ अनि यो
वचन धोषणा गर। "सामरियाका पहाड़हरूमा आऊ।
त्यहाँ तिमीले गोलमाल पाउँनेछौ। किन? किनभने त्यहाँ
अपराध गरिएको छ। १०तिनीहरू एकअर्कामा कसरी
सही तरिकाले बाँच्न जान्दैनन्। तिनीहरूले तिनीहरूको
किल्लाहरूमा डकैती र लुटेका मालहरू थुपार्छन।"

११यसकारण परमप्रभु भन्नुहुन्छ, "त्यो देशमा एकजना
शत्रु आउनेछ, त्यो शत्रुले तिमीहरूको सुरक्षा कुल्चिन्छ।
उसले तिमीहरूको चीजहरू लिएर जानेछ जुन आफ्नो
किल्लामा लुकाएर राखेकाछौ।"

१२परमप्रभु भन्नुहुन्छ, "जसरी गोठालोले सिंहको
मुखबाट थुमा बचाँउदा उसको दुइ खुट्टा र एउटा कान
मात्र बचाउनु सक्ला, त्यसरी नै विलासीपूर्ण सोफामा र
रेशमी ओछ्यानहरूमा सुत्ने सामरियामा बस्ने इस्राएली
मानिसहरू मध्ये केही मात्र सुरक्षित रहनेछन्।

१३मेरा स्वामी सर्वशक्तिमान परमप्रभु परमेश्वर, यो
कुरा भन्नुहुन्छ। "याकूबको घरानाका मानिसहरूलाई यी
कुराहरूको चेतावनी देऊ। १४परमप्रभुले न्याय दिने
दिनमा म इस्राएललाई उसका पापहरूको लागि दण्ड
दिनेछु। म बेतेलका वेदी ध्वंश गरिदिनेछु र समस्त वेदी
भूइँमा खस्ने बनाउँछु। १५म गर्मीमा बस्ने निवास

स्थान साथै शीतकालिन निवासस्थान पनि नष्ट पारिदिनेछु।
अनि हातीको दाँतले बनाएका घरहरू पनि नष्ट पारिदिनेछु,
धेरै घरहरू नष्ट गरिने छ।" परमप्रभु भन्नु हुन्छ।

## आनन्दप्रिय स्त्रीहरू

४ हे सामरियाको डाँडामा बस्ने बाशानका गाईहरू
हो, मेरो वचनहरू सुन। तिमीले गरीब मानिसहरूलाई
दुःख दियौ र दरिद्रिहरूलाई कुल्चियौ। तिमीहरूले आफ्नो
पतिहरूलाई भन्छौ, "हामीहरूका निम्ति नयाँ दाखरस
पिउँनको निम्ति ल्याऊ।"
२परमप्रभु मेरो स्वामीले यो प्रतिज्ञा गर्नु भयो: उहाँले
आफ्नो पवित्रताको शपथ खानुभयो अनि भन्नुभयो: हेर
यस्तो दिन आइलाग्नेछ तिनीहरूले तिमीहरूलाई अङ्कुसेले
समातेर र बाँकी रहेकाहरूलाई बल्छीले अल्झाएर
लानेछन्। ३तिमीहरू सबै देवालका दूलोबाट बाहिर
जानेछौ, तिमीहरू सबै हर्मोनको क्षेत्रपट्टि फ्याकिनेछौ,"
परमप्रभु भन्नुहुन्छ। ४"बेतेलको पवित्र स्थानमा जाऊ
अनि पाप गर। गिलगालमा जाऊ अनि अझ पाप
गर। दिनैपर्छ भने तिमीहरूले हरेक बिहान भेटी चाँडै
चढ़ाऊ। तीन दिन चाढ़को लागि तिमीहरूको फसलको
एक दशांश चढ़ाऊ।
५धन्यवादको भेटी खमीर हालेको रोटी चढ़ाऊ अनि
स्वेच्छा भेटीको घोषणा गर, किनभने हे इस्राएलीहरू
हो। तिमीहरू यसो गर्न मन पराउँछौ।"
६"म नै हुँ जसले तिमीहरूलाई अनिकाल र भोक
ल्याइदिएँ। मैले तिमीहरूलाई कुनै खाने कुरा दिइन।
तिमीहरूका सबै शहरहरूमा अन्न थिएन् तर तिमीहरू
फर्किएनौ," परमप्रभु यसो भन्नुहुन्छ।
७"मैले वर्षा रोकिदिएँ अनि यो फसल पाक्नु भन्दा
तीन महिना अघि थियो। मैले एउटा शहरमा पानी पर्न
दिए तर अर्कोमा दिइँन। त्यसपछि मैले एउटा खेतमा
पानी पर्ने गराएँ तर अर्को खेत सुक्यो। ८त्यसकारण
त्यस दुइ या तीन शहरका मानिसहरू पानीको निम्ति
अर्को शहर तिर डुलिहिंड़े तर त्यहाँ प्रत्येक मानिसको
निम्ति प्रशस्त पानी थिएन। तर पनि तिमीहरू सहायताको
निम्ति मकहाँ आएनौ।" परमप्रभुले यी कुराहरू भन्नुभयो।
९"मैले तिम्रो फसलहरू ज्यादै गर्मी र किराहरूद्वारा
मारिदिए। जम्मै बशैया र दाखका बोटहरू मारिदिए।
सलहले नेभाराको बोट र भद्राक्षेको बोटहरू सबै नष्ट
पारिदियो। तर पनि तिमीहरू मकहाँ सहायताका निम्ति
आएनौ।" परमप्रभु भन्नुहुन्छ।
१०"मैले तिमीहरूका विरूद्ध महामारी फैलाई दिएँ
जस्तो मिश्र देशमा फैलाएको थिएँ। मैले तिमीहरूका
युवाहरूलाई तलवारहरूले काटेर मारें। मैले तिमीहरूका
घोड़ाहरू लगे। मैले तिमीहरूको घरमा मृत्युको दुर्गन्ध
फैलाई दिए, तर पनि तिमीहरू मकहाँ सहायताको
निम्ति आएनौ।" परमप्रभु यी कुराहरू भन्नुहुन्छ।
११"मैले जसरी सदोम र गमोरालाई नष्ट पारेको
थिएँ। त्यसरी नै तिमीहरूलाई नष्ट पारें। तिमीहरू
आगोबाट निक्लेको धुवाँसित बल्दै गरेको दाउरा जस्तै
छौ। तर पनि तिमीहरू मकहाँ सहायताको निम्ति
आएनौ।" परमप्रभु भन्नुहुन्छ।
१२"यसकारण, इस्राएल! म तिमीहरूलाई दण्ड दिन
जाँदैछु। इस्राएल, तिनीहरू परमेश्वरको दण्ड सामना
गर्न तयार हुनु नै पर्छ।
१३"परमेश्वर नै एकजना हुनुहुन्छ जसले पहाड़ र
बतास सृजना गर्नुहुन्छ। उहाँले मानिसहरूलाई आफ्नो
विचार भन्नु हुन्छ। उहाँ नै एक हुनुहुन्छ जसले
विहानलाई अँध्यारोमा परिणत गर्नुहुन्छ अनि पृथ्वीका
पहाड़हरूमाथि चढ्नु हुन्छ। उहाँको नाउँ यहोवा हो,
सर्वशक्तिमान परमप्रभु।"

## इस्राएलको निम्ति दुःखको गीत

५ हे इस्राएल, यी शोक गीतहरू सुन जुन मैले
तिमीहरूको बारेमा गाँउछु।
२इस्रायलकी कन्या, सामरिया फेरि कहिल्यै नउठने
गरी लड़ेकीछिन्। उनी आफ्नो भूमिमा कसैले नउठाउने
गरी परित्यक्त छिन्।
३मेरा स्वामी परमप्रभु यो भन्नुहुन्छ, "शहरबाट एक
हजार मानिसहरू गए र एक सय मात्र फर्केर आए।
शहरबाट एक सय मानिसहरू गए र केवल दशजना
मात्र इस्राएल राष्ट्रमा फिर्ता आए।

## परमप्रभु इस्रायललाई आफू तर्फ फर्काउन प्रोत्साहित गर्नु हुन्छ

४परमप्रभु इस्राएलका मानिसहरूसित यसो भन्नुहुन्छ,
"मेरो खोजी गर्दै आऊ अनि बाँच्नेछौ।
५तर बेतेललाई नखोज; गिलगालमा नजाऊ; सीमाना
पार नगर। अनि बेर्शेबामा नजाऊ। गिलगालका
मानिसहरूलाई कैदमा लगिनेछ। अनि बेतेललाई नष्ट
पारिदिनेछ।
६परमप्रभुकहाँ आऊ र तिमीहरू बाँच्नेछौ। यदि
तिमी परमप्रभुकहाँ गएनौ भने उहाँले इस्राएल राष्ट्रमाथि
आगोले झैं झम्टनु हुनेछ। इस्राएल राष्ट्र आगोले
ध्वस्त पारिनेछ र परमेश्वरको घर समेत कोही सुरक्षित
हुनेछैन।
७हे मानिसहरू हो! तिमीहरू किन न्यायलाई तिक्तातामा
र धर्मलाई घृणा सरह व्यवहार गर्छौ?
८-९उहाँ जसले कृतिका र मृगशिरा नक्षत्रहरू
बनाउनु भयो, उहाँ नै हुनुहुन्छ जसले बिहानलाई गहिरो
अन्धकारमा र दिनलाई रातमा परिवर्तन गर्नु हुन्छ।
उहाँले समुद्रको पानीलाई बोलाउनुहुन्छ र पृथ्वीमा
खन्याउनु हुन्छ। यहोवा उहाँको नाउँ हो। उहाँले बलिया
सेनाहरू र किल्लाहरूलाई ध्वंश पार्नु हुन्छ।"

## इस्राएलीहरूले गरेका दुष्ट कामहरू

१०तिमी मानिसहरू, अगमवक्तालाई घृणा गर्छौ जो तिमीहरूका अन्यायलाई लल्कार्छ र मानिसहरूसित सत्य बोल्छ।

११अत्याचार र लुटद्वारा तिमीहरूले गरीबलाई कुल्चेकाछौ। तिमीहरूले तिनीहरूको खाना लुटेकाछौ। कुँदिएका ढुङ्गाका घरहरू बनाउन त्यो बेचेकाछौ। तर तिमीहरू यी राम्रा घरहरूमा बस्नेछैनौ, तिमीले राम्रा-राम्रा दाखका बोटहरू लगाएकाछौ तर तिमीले त्यसबाट बनेको दाखरस पिउने छैनौ।

१२मलाई थाहा छ तिमीहरूका धेरै डरलाग्दा पापहरू र ठूलो अपराध विजयमा मलाई थाहा छ। तिमीहरूले धर्मीहरूको विरोध (खेदो) गर्‍यौ र गरीबहरूलाई अत्याचार गर्न घुस लियौ।

१३त्यस समयमा बुद्धिमानहरू चूप लाग्नेछन्। किन? किनभने यो समय खराब छ।

१४नराम्रो होइन राम्रो गर्ने लक्ष्य बनाऊ ताकि तिमीहरू बाँच्नेछौ। तब परमप्रभु परमेश्वर सर्वशक्तिमान तिमीहरूसंगै हुनुहुनेछ जसरी तिमीहरूले तिमीहरूसित उहाँ हुनुहुन्छ भनेकाछौ।

१५खराबीलाई घृणा गर अनि भलाईलाई प्रेम गर। न्यायलयमा न्यायमा फर्काई ल्याऊ, तब संभव छ कि सर्वशक्तिमान परमप्रभु परमेश्वरले यूसुफको कुलमा बाँचेका मानिसहरूलाई राम्रो गर्नुहुनेछ।

## एउटा ठूलो शोकको दिन आउँदैछ

१६त्यसकारण परमप्रभु परमेश्वर सर्वशक्तिमान भन्नुहुन्छ, "सबै सार्वजनिक स्थानहरूमा रोइरहने छन् र सबै गल्लीहरूमा मानिसहरूले परमेश्वरलाई पुकारिरहेका हुनेछन्। तिनीहरूले किसानहरूलाई रूनु र विलाप गर्नु बोलाउनेछन्। तिनीहरूले शोक गर्नेहरूलाई ज्यालामा ल्याउनेछन्।

१७मानिसहरू दाखका सबै खेतहरूमा रूनेछन्। किन? किनकि तिमीहरूको धार्मिक मण्डलीबाट जानेछु र तिमीहरूलाई दण्ड दिनेछु।" परमप्रभु यसो भन्नुहुन्छ।

१८अहा, परमप्रभुको विशेष दिनलाई पर्खिरहेका तिमीहरू आफैलाई हेर। तिमीहरू किन परमप्रभुको न्यायको दिन चाहन्छौ? यो एउटा गहिरो। अन्धकारको दिन हुनेवाला छ उज्यालो होइन।

१९तिमीहरू भालूको सम्मुख नहुनलाई भाग्दा कुनै सिंह अघि पुगेको मानिस जस्तै हुनेछौ; अथवा तिमीहरू एकजना मानिस आफ्नो घरमा जान्छ र आराम गर्नु भित्तामा अड़ेसिएको बेला साँपले डसेको मानिस झैं हुनेछौ।

२०यसर्थ, परमप्रभुको विशेष दिन अँध्यारो हुनेछ उज्यालो होइन, यो शोकको समयमा हर्ष र उल्लास हुनेछैन्।

## परमप्रभुबाट इस्राएलीको आराधाना अस्वीकार

२१"म तिमीहरूको पवित्र दिनलाई घृणा गर्छु। म त्यो स्वीकार गर्दिन्। म तिमीहरूको धार्मिक सभाको आनन्द लिनेछैन्।

२२तिमीहरूले होमबलि र अन्नबलि चढ़ाए ता पनि म स्वीकार्ने छैन्। तिमीहरूले अन्न खुवाएर बलियो पारेको जनावरको शान्तिबलि पनि म स्वीकार गर्नेछैन।

२३तिमीहरूका हल्लै गीतहरू हल्लाको मबाट टाड़ो राख, म तिमीहरूका वीणाबाट आएको धुन सुन्ने छैन।

२४तर न्याय बगोस पानी सरह र बगोस धर्म कहिले पानी शेष नहुने खोला झैं।

२५हे इस्राएल! के तिमीहरूले जब तिमीहरू चालीस वर्ष सम्म मरुभूमिमा थियौ मलाई भेटी चढ़ायौ?

२६तिमीहरूले मूर्तिहरूका राजा सिक्कुतलाई तिमीहरूका राजा अनि तारा देवता कीयूनलाई देवाता झैं मानेकाछौ। जो तिमीहरूले आफ्नै लागि बनायौ।

२७यसकारण म तिमीहरूलाई दमीशकस भन्दा पर निर्वासित पार्नेछु।" परमेश्वर सर्वशक्तिमान उहाँको नाउँ हो।

## इस्राएलबाट राम्रो समय लिइनेछ

६ हाय! तिमीहरू आफैलाई हेर, जो सियोनमा आरामको जीवन मनाइरहेकाहरू अनि सामरिया पर्वतमाथि बचाऊ अनुभव गरिरहेकाहरू। तिमी 'महत्वपूर्ण' मानिसहरू जसकहाँ 'इस्रायलका राजपरिवार' सल्लाहको लागि जान्छन, तिमीहरूका निम्ति अनिष्ट हुनेछ।

२कल्नेह, हमात अनि पलिश्ती शहर र गात शहर हेर, के इस्राएल यी शहरहरू भन्दा राम्रो छ? होइन! के यी शहरहरूका सीमाना इस्राएलका सीमान भन्दा ठूला छन? होइन।

३हाय! तिमीहरू आफैलाई हेर, तिमीहरू जसले खराब दिन जम्मा गर्छौ अनि हिंसाको दिन नजिक ल्याउछन।

४हाय! हेर तिमीहरू आफैलाई हेर, तिमीहरू जो आरामदायी पलंगमा सुत्छौ अनि सोफामा आफै तन्कन्छौ। यिनीहरू नै हुन् जो बथानबाट थुमाहरू खान्छन् र गाईको बथानबाट बाछो खान्छन्।

५तिमीहरू गरीबका दयनीय अवस्थाको वास्ता गर्दैनौ। तिमीहरू अल्छी गरी वीणा बजाउँछौ, तिमीहरू दाऊद जस्तै आफ्नै निम्ति वाद्यहरूको आकार बनाउँछौ* जसमा आफ्ना गीतहरू बजाउँछौ।

६तिमीहरू सुन्दर-सुन्दर कचौरामा दाखरस पिउछौं। तिनीहरू उच्चस्तरीय तेलले आफू मालिस गर्छौ। अनि

---

**आकार बनाउँछौ** अथवा आविस्कार गर्छौ - हिब्रु शब्दमा सोच्नुको अर्थ हस्त कार्यमा निपुण हुनु।

तिमीलाई यसको निम्ति चिन्ता छैन् कि यूसुफको
परिवार नष्ट गरिदैछ भन्ने।

७यसकारण तिनीहरू निष्कासित हुनेछन्। हो, तिनीहरू
बन्द बनाई लगिनेहरूमा प्रथम हुनेछन्। तिनीहरू मर्नमा
पहिलो हुनेछन्। तिनीहरूका भोजनहरू र मोज मज्जाको
अन्त हुनेछन। ८परमप्रभु मेरो मालिकले उहाँले आफ्नो
नाउँ सर्वशक्तिमान परमेश्वर भनेर यो प्रतिज्ञा गर्नु भयो:
"म त्यो कुराहरूलाई घृणा गर्छु, जसमा याकुबले
घमण्ड गर्छ। म उसको अट्टालिकाहरूलाई घृणा गर्छ।
यसकारण म शत्रुलाई शहर र यसमा भएकों प्रत्येक
कुरा लिन दिनेछु।"

## त्यहाँ केही इस्राएलीहरू मात्र जीवित छोड्न्छि

९यस्तो हुनेछन् यदि दशजना मानिसहरू घरभित्र छन
भने, तिनीहरू सबै मर्नेछन्। १०जब उनका मानिसहरू
उसको लाश जलाउनु लिन आउँछन्, तिनीहरूले उसको
हड्डी बाहेक केही पाउँदैनन। तब उसले ती घरभित्र
लुक्नेहरूलाई सोध्छ, "तिमीसित अन्य लाशहरू छन्?"
तिनीहरूले जवाफ दिनेछन्, "छैन!" त्यस समयमा त्यस
आफन्तले भन्नेछ, "चुप लाग, यहाँ हामीले परमप्रभुको
नाउँ लिनु हुँदैन्।"

११हेर, परमप्रभु परमेश्वरले आज्ञा दिनुहुन्छ कि
विशाल महल टुक्रा-टुक्रा पारिनु पर्छ र सानो घरहरू
अझ सानो-सानो टुक्रा पारेर भत्काउनु पर्छ।

१२के घोड़ाहरू चट्टानमाथि दर्गुछ? अँह के कुनै
मानिसले समुद्रमा गोरू जोत्छ? अँह, तर पनि तिमीहरूले
प्रत्येक चीज उल्टा पुल्टा पारिदिन्छौ। तिमीले त राम्रो
अनि न्यायलाई विषमा परिणत गरिददिन्छौ र धर्मलाई
तितेपाती जस्तै तितो बनाइदिन्छौ।

१३तिमीहरू लो-देबारको पराजयमा खुशी हुन्छौ।
तिमी भन्छौ, "हामीले कार्नेमलाई आफ्नो शक्तिले जितेका
हौ।"

१४"इस्राएल हेर! म तिम्रो विरोधमा एउटा राज्य
खड़ा गर्नेछु। अनि तिनीहरूले तिमीहरूलाई हमातको
प्रवेशद्वारदेखि अराबाको खोलो सम्म अत्याचार गर्नेछन्।"
सर्वशक्तिमान परमप्रभु परमेश्वरले यो कुरा भन्नुभएको
हो।

## दर्शनमा सलह

७ परमप्रभुले मलाई यो दर्शन देखाउनु भयो। यस
दर्शनमा राजाको अंश अन्न भित्र लगिए पछि
नयाँ अन्न उप्जँदै गरेकोमा उहाँले सलहहरू बनाउँदै
गर्नु भएको मैले देखें। २सलहले देशको सारा घाँसहरू
खायो। त्यसपछि मैले भने, "मेरा स्वामी परमप्रभु, म
बिन्ती गर्छु, हामीलाई क्षमा गर्नुहोस! याकूब बाँच्न
सक्तैन्। त्यो अत्यन्तै सानो छ।"

३त्यसपछि परमप्रभुले यसको विषयमा आफ्नो विचार
बद्ल्नु भयो। परमप्रभुले भन्नुभयो, "यस्तो हुने छैन्।"

## आगोमा दर्शन

४मेरा स्वामी परमप्रभुले मलाई उहाँको भयानक
न्याय, परेको पानी पोखिए जस्तै देखाउनु भयो। आगोले
विशाल समुद्र जलायो आगोले जमीन नष्ट पारिदियो।
५तब मैले भने, "हे परमप्रभु परमेश्वर, म तपाईंसित
बिन्ती गर्छु: "याकूब बाँच्न सक्तैन्, त्यो एकदमै सानो
छ।"

६त्यसपछि यसको विषयमा परमप्रभुले विचार बद्ल्नु
भयो। परमप्रभु परमेश्वरले भन्नुभयो, "यस्तो हुने छैन्।"

## साहुलको दर्शन

७तब परमप्रभुले मलाई यो दर्शन देखाउनु भयो: यस
दर्शनमा उहाँ साहुलले चिन्ह लगाएर बनाएको पर्खाल
नजिक खड़ा हुनुहुन्थ्यो। अनि उहाँले आफ्नो हातमा
साहुल समातिरहनु भएका थियो। ८परमप्रभुले मलाई
सोध्नु भयो, "आमोस तँ के देख्दैछस्?" मैले भनें,
"मैले एउटा साहुल देख्दैछु।" त्यसपछि मेरा मालिकले
भन्नुभयो, "हेर, म मेरा इस्राएलको मानिसहरू विरुद्ध
साहुल प्रयोग गर्नेछु। म तिनीहरूको 'दुष्टाँई' फेरि
कहिल्यै वेवास्ता गर्ने छैन्। ९इसहाकको अग्ला ठाउँहरू
नष्ट गरिनेछ। इस्राएलको पवित्र स्थानहरू उजाड़
हुनेछन। म खड़ा हुनेछु र यरोबामको परिवारलाई
तलवार लिएर आक्रमण गर्नेछु।"

## अमस्याहले आमोसलाई रोक्ने कोसिस

१०बेतेलको पूजाहारी अमस्याहाले इस्राएलका राजा
यारोबामकहाँ यो संदेश पठायो: "आमोसले तिमीहरूको
विरूद्ध षड़यन्त्र रच्दैछ। उसले इस्राएलका मानिसहरूलाई
तिम्रो विरूद्ध युद्ध गर्नका निम्ति कोसिस गरिरहेकोछ।
उसले यति ज्यादा गर्दैछ कि उसको शब्दले पुरै देशमा
खपिनसक्नु भएकोछ। ११आमोसले भन्यो, 'यारोबामलाई
तरवारले काटिनेछ र इस्राएलका मानिसहरूलाई तिनीहरूको
देशबाट निर्वासित गरिनेछन।'"

१२अमस्याहले आमोसलाई भन्यो, "हे भविष्यवक्ता
यहूदा तर्फ दक्षिणतिर दुगुर अनि त्यहाँ अगमवाणी दिएर
आफ्नो भोजन कमाऊ। १३तर यहाँ बेतेलमा ज्यादा
उपदेश नदेऊ। यो यारोबामको पवित्र स्थान हो। यो
इस्राएलको मन्दिर हो।"

१४तब आमोसले आमस्याहलाई जवाफ दियो, "म
पेशागत अगमवक्ता होइन र म राजाको अगमवक्ता
होइन। म एउटा गोठाला हुँ अनि अंजीर र नेभाराका
रुखहरू रुँग्ने मानिस हुँ।

१५परमप्रभुले मलाई भेड़ा बाख्राहरू चराउँदै गर्दा
ठाउँबाट बोलाउनु भयो अनि भन्नुभयो, 'जा मेरा

मानिसहरू इस्राएललाई अगमवाणी गर।' १६यसैकारण
परमप्रभुको वचन सुन, तिमीहरू मलाई भन्छौ, 'इस्राएलको
विरूद्ध अगमवाणी नगर। इस्राएलको कुलको विरुद्ध
उपदेश नदेऊ।' १७परमप्रभुले यसो भन्नुहन्छ। तिम्रो
पत्नी यो शहरमा एकजना वेश्या हुनेछ। अनि तिम्रो
छोराहरू र छोरीहरू अपवित्र भूमिमा तरवारले मारिन्छिन्।
तिम्रो भूमि, नाप्ने डोरीले भाग गरिनेछ अनि तिमी
आफैले भूमि अपवित्र पार्नेछौ। इस्राएल निश्चय नै
आफ्नो भूमिबाट बन्दीको रुपमा लगिनेछ।'"

## पाकेको फलको दर्शन

८ परमप्रभुले मलाई यो देखाउनु भयो। मैले ग्रीष्म
ऋतुमा पाकेको फलको डाला देखे। २परमप्रभुले
मलाई सोध्नु भयो, "आमोस तिमीले के देख्दै छौ?"
मैले भने, "ग्रीष्म ऋतुमा पाकेको फलको एउटा
डालो देखें।"
तब परमप्रभुले म सित भन्नुभयो, "मेरा मानिसहरू
इस्राएलको अन्त आयो। म तिनीहरूको पापलाई अझ
नदेखे झैं गर्न सक्तिन्। ३अन्तिम दिनमा परमप्रभुको
भवनमा शोकपूर्ण गीतहरू गाइन्छ, "मेरा परमप्रभु
मालिक भन्नु हुन्छ। लाशहरू प्रत्येक ठाँउमा हुनेछन् र
नीखतामा लाशहरू लगिनेछ।"

## इस्राएलका व्यापारीहरू केवल पैसाको पछि लागिरहन मन पराउँछन्

४सुन! मानसिहरूले असहाय मानिसहरूलाई थिचोमिचो
गर्छन्। तिमीहरूले यस देशको गरीबहरू नष्ट पार्न
चहान्छौ।
५हे व्यापारीहरू हो! तिमीहरू भन्छौ, "औंसी कहिल्ये
बित्छ ताकि हामी गहुँ बेच्नु सक्छौं। कहिले शबाथ
बित्ला र हामीले बेच्न शरु गर्ने? तब हामीहरूले खोटो
तराजु प्रयोग गरेर ठग्न सक्छौ र हाम्रा ग्राहकहरूलाई
धोका दिन सक्छौ।
६तिमीले आफैलाई भन्छौ, "हामीले गरीबलाई चाँदीले
किन्छौ अनि दरिद्रलाई एक जोड़ी जुत्ताले किन्छौ। हामी
सड़ेको गहुँ पनि बेच्छौ।"
७परमप्रभुले 'याकूब गर्व नामक आफ्नो नाम प्रयोग
गर्नु भयो र शपथ लिनु भयो, "म उसको कर्म कदापि
भुल्ने छैन।"
८किनभने यी कार्यहरूको कारण सम्पूर्ण भूमि
काम्नेछ। यस देशमा बस्ने प्रत्येक मानिस मृत्य भएको
मानिसहरूको निम्ति रुनेछ। मिश्रको नील नदी जस्तै
सम्पूर्ण भूमि उठ्नेछ र तल झर्नेछ। भूमि यता उत्ता
फ्यकिनेछ।"
९परमप्रभुले भन्नुभयो: "म सूर्यलाई मध्य दिनमा
अस्ताउने बनाइदिनेछु अनि पृथ्वीको दिनको उज्यालोलाई
अँध्यारो बनाइदिनेछु।
१०म तिमीहरूका चाड़को दिनहरूलाई शोक मनाउने
दिनहरूमा र खुशीको सबै गीतहरूलाई दु:खको गीतमा
परिवर्तन गरिदिनेछु। म तिमीहरूलाई वस्त्रहरू शोक
लगाएका बनाउनेछु र टाउको खौराउनेछु। म तिमीहरूले
जन्माएको एउटै मात्र छोरो मर्दा शोक गरे जस्तो
पारिदिन्छु अनि यो तिक्त दिन हुनेछ।"

## परमप्रभुको वचनको एउटा डरलाग्दो अनिकाल आउँदैछ

११परमप्रभु भन्नुहुन्छ: "हेर, त्यो दिन नजिक आउँदै
छ जब म देशमा अनिकाल ल्याउने छु। मानिसहरू
रोटी र पानीको निम्ति भोकाउने छैनन। तर मानिसहरू
परमप्रभुको वचनको निम्ति भोकाउने छनन।
१२तिनीहरू परमप्रभुको वचन सुन्न देशमा मृत्य
सागर देखि महा सागर सम्म यता-उता जाने छन। अनि
देशको उत्तर भाग देखि पूर्वसम्म, मानिसहरू परमेश्वरको
वचनको निम्ति यताउता गर्नेछ तर तिनीहरूले पाउने
छैनन।
१३त्यस समय सुन्दर युवक र युवतीहरू तिर्खाले
मुर्च्छा पर्नेछन।
१४तिनीहरूले सामरियाका मूर्तिहरूद्वारा शपथ खान्छन्
तिनीहरूले भन्छन्, 'दानको मूर्तिहरूद्वारा अथवा बेर्शेबाको
मूर्तिहरू द्वारा।' तर यी मानिसहरू लड़नेछन र कहिल्यै
पनि उठ्ने छैनन्।"

## वेदीको छेउमा उभिनु भएको परमप्रभुको दर्शन

९ मैले परमप्रभुलाई वेदीको छेउमा उभिरहेको देखें।
उहाँले भन्नुभयो, "संधार हल्लिञ्जेल र मानिसहरूको
टाउकोहरू चुर हुञ्जेल खम्बामाथि ठोकाऊ। ती
बाँचेकाहरूलाई तरवारले मार। भाग्नेहरू मारिनेछन्।
कुनै मानिस पनि मेरो रिसबाट उम्कनेछैन।
२यद्यपि तिनीहरूले पातालभित्र खने पनि तिनीहरू
भएकहाँ मेरो हात पुग्नेछ अनि यदि तिनीहरूले स्वर्गमा
चढ़े पनि म तिनीरूलाई त्यहाँबाट तल झार्नेछु।
३यद्यपि तिनीहरू कमेल पर्वतको टाकुरामा लुके पनि
र मेरो दृश्यबाट लुके पनि म तिनीहरूलाई भेट्नेछु। म
तिनीहरूलाई मेरो छेउमा ल्याउनेछु। यदि तिनीहरू
समुद्रको फेदमा लुके तापनि म सर्पलाई आज्ञा गर्नेछु र
त्यसले तिनीहरूलाई डस्नेछ।
४यद्यपि तिनीहरू तिनीहरूको शुत्रहरूको कब्जामा
गए पनि म तरवारलाई आज्ञा गर्नेछु अनि त्यसले
तिनीहरूलाई मार्नेछ। मैले तिनीहरूलाई नोक्सान गर्ने नै
निश्चय राम्रो गर्ने होइन गरें।"

## दण्डले मानिसहरूलाई नष्ट गर्नेछ

५मेरो मालिक सर्वशक्तिमान परमप्रभुले भूमिलाई
छुनुहुन्छ अनि त्यो भूमि पग्लन्छ। तब त्यस भूमिमा

भएको सबै मानिसहरू मृतकहरूका निम्ति रूनेछन्। त्यो प्रदेश मिश्रको नील नदि जस्तै माथि उर्लन्छ अनि तल झर्छ।

६परमप्रभुले आफ्नो स्थान आकाशमाथि बनाउँनु भयो। उहाँले आफ्नो आकाश पृथ्वीमाथि राख्नुभयो। उहाँले समुद्रको पानीलाई बोलाउँनु हुन्छ। अनि देशमाथि खन्याउनु हुन्छ। उहाँको नाउँ परमप्रभु हो।

## परमप्रभुको इस्राएललाई नष्ट गर्ने प्रतिज्ञा

७परमप्रभु भन्नुहुन्छ: "हे इस्राएली, तिमीहरू मेरा निम्ति कुश जस्तै हौ। मैले इस्राएललाई मिश्रबाट निकालेर ल्याएँ। मैले पलिश्तीहरूलाई करतोरबाट ल्याएँ। अनि अरामीहरूलाई कोरबाट।"

८हे परमप्रभु मेरा मालिकको! आँखाहरू पापपूर्ण राज्यमाथि छन्। परमप्रभुले भन्नु भयो, "म इस्राएललाई पृथ्वीबाट सम्पूर्ण रूपले ध्वंश पार्नेछु। हुँ न त म याकूबको घरलाई ध्वंश गर्ने छैन।"

९हेर! वेकारका मानिसहरूलाई अलग गराउनु इस्रायलका मानिसहरूलाई चालनीमा आँटा चाले झैं हल्लाउनु म आज्ञा दिनेछु।

१०मेरा मानिसहरू मध्येका पापीहरू तरवारले मारिन्छन्। तिनीहरूले भन्दैछन्, 'हामीमा नराम्रो आउने छैन्।' अथवा हामीलाई जित्ने छैन्।"'

## परमेश्वर राज्यको पुनस्थापनाको शपथ लिन्छन्

११"त्यसदिन म दाऊदको ढलेको पाललाई उठाउनेछु, म चर्केकाहरू र नष्ट भएका भवनहरू मरमत गर्नेछु। म त्यसलाई पहिलेको जस्तै पुन: निमार्ण गर्नेछु।

१२ताकि एदोममा बाँकी रहेका मानिसहरू र राष्ट्रहरू जो मेरो नाउँले (यहोवा) कहलाइन्छन तिनीहरू लिनलाई परमप्रभु जसले यी सब गर्नु हुन्छ। घोषणा गर्नु हुन्छ।"

१३परमप्रभु भन्नुहुन्छ: "त्यो समय आइरहेछ जब प्रत्येक प्रकारको भोजन ज्यादा हुन्छ। अब मानिसहरूले आफ्नो फसल काटी सकेको हुँदैन, हलो जोत्ने समय आई हाल्छ, मानिसहरू अहिले दाखरस निकाल्नको लागि बसेका हुन्छन फेरि दाखको रोप्ने समय आइहाल्छ। पहाड़हरूबाट दाखरसको धारा बग्नेछ अनि त्यो पहाड़हरूबाट झर्नेछ।

१४मेरा मानिस इस्राएलीहरूलाई कैदबाट फर्काएर ल्याउनेछु। तिनीहरूले त्यो नष्ट भएको शहरहरू फेरि बनाउँनेछन् अनि तिनीहरू ती शहरहरूमा बस्नेछन् उनीहरूले दाख बारीहरू लाउनेछन् अनि तिनीहरूले उब्जाऊ गरेको दाखरस पिउनेछन् उनीहरूले बगैचाहरू रोप्नेछन् अनि त्यसबाट फलेको फलहरू खानेछन्।

१५म उनीहरूलाई उनीहरूकै जमीनमा बसाउँछु अनि उनीहरू फेरि त्यो देशबाट निकालिने छैनन्। जुन मैले उनीहरूलाई दिए।" परमप्रभु तिमीहरूका परमेश्वरले यी कुराहरू भन्नुभयो।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**
- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html